बैठक संख्या : २८ स्थान : कृषि विकास बैंक मध्यामाञ्चल तालिम केन्द, विरेन्द्रनगर

मिती : २०७५।०२।२९ गते समय : साझ ५:०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा न ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

**आमन्त्रित** : जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

कम्प्यूटर अपरेटर : श्री रमेश चौधरी

**प्रस्तावहरु**

१. जेष्ठ नागरिक सम्मान कार्यक्रम सम्बन्धमा ।
२. विपत व्यवस्थापनको सामान खरिद सम्बन्धमा ।
३. पदाधिकारीहरुको खाता खोल्ने सम्बन्धमा ।
४. विषयगत शाखासँग सरोकारवालाहरुको भेला सम्बन्धमा ।
५. नगर सभाको तयारी बैठक सम्बन्धमा ।
६. बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा ।
७. ०७४।७५ को आर्थिक समिक्षा सम्बन्धमा ।
८. 'घ' वर्गको लाइसेन्स सिफारिस सम्बन्धमा ।
९. संघसंस्थाले माग गरेको प्रारम्भिक सहमती सम्बन्धमा ।
१०. घुम्ती शिविर संचालन सम्बन्धमा ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा अपाङगताको कारणले आफै उठ्न बस्न नसक्ने भई चौविसै घण्टा विछ्यौनाामा रहेका सबै वडाका नागरिकको विवरण वडा कार्यालयहरुबाट तयार गर्ने र त्यस्ता असक्त व्यक्तिहरुलाई तेस्रो नगर सभाको पूर्व सन्ध्यामा सहयोग र सम्मान गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा बर्षातको समय आई सकेको छ । राप्ती नगरपालिका बाढीको उच्च जोखिममा रहेकोले विपदको सम्भावनाको पूर्व तयारी स्वरुप नगर स्तरीय विपद व्यवस्थापन समिति बैठक समेतबाट निर्णय गरी ५ लाख सम्मको उद्धार तथा राहत सामग्री खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा राप्ती नगरपालिकामा जन निर्वाचित पदाधिकारीहरुले पाउने पारिश्रमिक देहायको बैकमा खाता खोली पठाउने निर्णय गरियो ।

| क.सं. | वडा नं. | बैकको नाम | कैफियत |
|---|---|---|---|
| १ | १, २ र ३ | प्रभु बैक लि. गड्यौली | |
| २ | ४, ५, ६, ११ र १३ | नेपाल बैक लि.भण्डारा | |
| ३ | ७, ८, ९, १० र १२ | सिभिल बैंक लि. सिभिल बैंक लि. | |

निर्णय नं.४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा तेस्रो नगर सभाको पूर्व तयारी स्वरुप बस्ती टोलबाट योजना छनौट भई वडा कार्यालय मार्फत प्राप्त भई सकेकोले विषयगत समिति/शााखाहरु समेत सम्बन्धित सरोकारवालासँग राय सुझाव प्राप्त गर्न आवश्यक भएकोले मिति २०७५।०२।३१ गते विहान १०:३० बजे वडा नं. ७ वडा कार्यालय भवनमा सवै राजनैतिक दल एवं सवै सरोकारवालाको भेला राखी राय सुझाव अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा तेस्रो नगर सभाको तयारी स्वरुप आवश्यता अनुसार बैठक बसी विषयगत कार्यालयको बजेट सम्बन्धमा समेत तयारी थाल्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा बजेट तथा योजना तर्जुमा समितिको बैठक २०७५।०३।०१ गते बस्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रास्ताव नं. ७ माथि छलफल गर्दा नगर कार्यपालिकाको आगामी बैठकमा हाल सम्ममा कामको प्रगति समीक्षा गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा रोहित निर्माण सेवा नामक घ वर्गको निर्माण व्यवसायी प्रमाण पत्र पाउँ भनि प्रो. श्री रोहित भट्टराईले दिएको निवेदन सम्बन्धमा समितिको सिफारिस समेतको आधारमा घ वर्ग निर्माण व्यावसायी इजाजत पत्र दिने सम्बन्धी कार्यविधि २०७४ को दफा २.३ बमोजिम घ वर्ग इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा देहायका संघ संस्थाले यस नगरपालिकामा काम गर्नका लागि प्रारम्भिक सहमति माग गरेको हुदा माग बमोजिम प्रारम्भिक सहमति दिई आवश्यक सम्झौता गर्ने निर्णय गरियो ।

१. फियान नेपाल काठमाडौं
२. फरवार्ड नेपाल भरतपुर
३. ग्लोबन पिस फाउन्डेसन काठमाडौं

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय भरतपुर चितवनको मिति २०७५।२।२४ को पत्रबाट राप्ती नगरपालिका वडा नं. ११ आँपपानीको श्री राष्ट्रिय आधारभुत विद्यालयमा मिति २०७५।०३।०२ र ०३ गते एकिकृत घुम्ती शिविर संचालन गर्न बारेको पत्रको व्यहोरा जानकारी भयो । सो शिविरमा सेवा लिनको लागि व्यापक प्रचार प्रसार गरी आफुहरु समेत उपस्थित भई सहयोग गर्ने निर्णय गरियो ।